नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**नगरपालिका योजना तथा व्यवस्थापन शाखा (ख)**

सिंहदरबार, काठमाण्डौं

आ.व. :- ०७३/७४
च.नं. :- ५-२- ८६

मिति : २०७३/७/२३

श्री २१७ नगरपालिका सबै ।

**विषय : नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धमा ।**

उपर्युक्त विषयमा नेपाल सरकार (मा.मन्त्रीस्तरको) मिति २०७३/७/११ को निर्णय वमोजिम नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ स्वीकृत भएकोले उक्त कार्यविधि वमोजिम आयोजना कार्यान्वयन गर्नुहुन अनुरोध गरिन्छ । साथै आ.व. ०७३/७४ मा नगरपालिकाहरुलाई विनियोजित रकम समेत यसैसाथ संलग्न रहेको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

७३।७।२३

तुल्सीराम मरासिनी
शाखा अधिकृत

**बोधार्थ**
श्री सूचना तथा विद्युतीय शासन शाखा : यो पत्र मन्त्रालयको Website मा राखिदिनुहुन ।

# नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३

(नेपाल सरकार, मा. मन्त्रीस्तरबाट मिति २०७३ साल कार्तिक ११ मा स्वीकृत)

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३

**प्रस्तावना**

नगरपालिकाको लागत सहभागिताको आधारमा नगर पूर्वाधार विकास कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट **नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३** तर्जुमा गरी लागु गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम **नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३** रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले **नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७३** सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेत सम्झनु पर्छ ।

(ज) "कार्यक्रम" भन्नाले यसै कार्यविधि बमोजिम संचालन हुने कार्यक्रम सम्झनुपर्छ ।

## ३. कार्यविधिको उद्देश्य

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) नगर क्षेत्र पूर्वाधार विकास सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्रकृया र कार्यविधिलाई सरल, स्पष्ट र पारदर्शी बनाउने ।

(ख) नगरपालिकामा लागत सहभागिताका आधारमा पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्ने ।

(ग) नगरपालिकाको आर्थिक गतिविधीलाई क्रियाशिल बनाउने ।

४. **कार्यक्रमको कार्यक्षेत्र**

यस कार्यक्रमको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ :

(क) यो कार्यक्रम नगरपालिका क्षेत्रको पूर्वाधार विकासमा केन्द्रित हुनेछ ।

(ख) यो कार्यक्रम सबै नगरपालिकामा संचालन गरिनेछ ।

५. **कार्यक्रमबाट सञ्चालन हुने आयोजनाका क्षेत्र, र लागत सहभागिताको अंश**

१) यस कार्यविधि बमोजिम संचालन हुने आयोजनाहरुको क्षेत्र र लागत सहभागिताको अंश देहाय बमोजिम हुनेछ :

| क.सं. | आयोजनाको नाम | कुल लागतमा सहभागिताको अंश | |
|---|---|---|---|
| | | अनुदान रकम (अधिकतम अंश) | नगरपालिका/उपभोक्ता (न्यूनतम अंश) |
| **(क) सडक, नाला तथा बसपार्क निर्माण सम्बन्धी कार्यक्रम** | | | |
| १ | सडक कालोपत्रे | ५० | ५० |
| २ | सडक पि.सि.सि./आर.सि.सि. | ५० | ५० |
| ३ | सडक पक्की पुल | ७० | ३० |
| ४ | सडक पक्की नाला र पक्की ढल | ५० | ५० |
| ५ | बसपार्क निर्माण | ७० | ३० |
| **(ख) नगर पूर्वाधार विकास सम्बन्धी कार्यक्रम** | | | |
| ६ | नगरपालिकाको कार्यालय भवन, वडा कार्यालय भवन निर्माण | ७० | ३० |
| ७ | नगरपालिकाको सभाहल निर्माण | ५० | ५० |
| ८ | भ्यू टावर निर्माण | ७० | ३० |
| ९ | खानेपानी ट्यांकी निर्माण तथा पाइपलानइन विस्तार | ७० | ३० |
| १० | तालकुण्ड पोखरीको संरक्षण, जिर्णोद्वार | ६० | ४० |
| ११ | वर्षातको पानी सङ्कलन गर्ने पोखरी निर्माण | ७० | ३० |

| | | | |
|---|---|---|---|
| १२ | नगरस्तरीय अस्पताल, स्वास्थ्य केन्द्र निर्माण | ५० | ५० |
| १३ | ऐतिहासिक पुरातात्वीक सांस्कृतिक सम्पदाको पुन: निर्माण (City Rennovation) जिर्णोद्धार तथा मर्मत | ७० | ३० |
| १४ | हाटबजार/पसल घर/सपिङ्ग कम्प्लेक्स निर्माण तथा व्यवस्थापन | ७० | ३० |
| १५ | उच्च माध्यमिक तह सम्मको विद्यालय भवन निर्माण | ५० | ५० |
| १६ | रंगशाला, खेलकुद मैदान, कभर्ड हल, योगा भवन निर्माण | ७० | ३० |
| १७ | नगरस्तरीय सूचना केन्द्र, पुस्तकालय तथा वाचनालय भवन निर्माण | ६० | ४० |
| १८ | नगरपालिकाद्वारा जग्गा विकास योजना लागु भएका स्थानमा शहरी पूर्वाधार विकास | ५० | ५० |
| १९ | सिंचाई | ६० | ४० |
| २० | एकिकृत वस्ती विकास (Integrated Settlement Development) | ६० | ४० |
| २१ | घना शहरी क्षेत्रमा एकिकृत आवास House Pooling | ६० | ४० |
| २२ | एकिकृत जग्गा विकास (Land Pooling) | ६० | ४० |
| **(ग) नगरपालिकाको लागि उपकरण खरिद कार्यक्रम** | | | |
| २१ | स्काभेटर, क्रेन, डोजर, कम्प्याक्टर खरिद | ७० | ३० |
| २२ | फोहरमैला व्यवस्थापनको लागि हाईड्रोलिक टिपर, सक्सन मेशिन खरिद | ७० | ३० |
| २३ | क्रेन, ब्रुमर, ग्रेडर, रोलर खरिद | ७० | ३० |
| २४ | दमकल खरिद | ७० | ३० |
| **(घ) अन्य पूर्वाधार विकास कार्यक्रम** | | | |
| २५ | बसपार्क/ल्याण्डफिल्ड साईटको लागि जग्गा खरिद | ७० | ३० |
| २६ | ल्याण्डफिल्ड साइट निर्माण, फोहोर प्रशोधन तथा पुन:उपयोगका केन्द्र निर्माण | ७० | ३० |

| | | | |
|---|---|---|---|
| २७ | पशु वधशाला निर्माण | ६० | ४० |
| २८ | सार्वजनिक/लक्षित समूदायका लागि शौचालय निर्माण | ७० | ३० |
| २९ | नगरस्तरीय पार्क, उद्यान, जेष्ठ नागरिकका लागि आराम गर्ने स्थल निर्माण | ७० | ३० |
| ३० | लघु जलविद्युत, वायु उर्जा | ७० | ३० |
| ३१ | नविनतम पूर्वाधार निर्माण | ५० | ५० |

(२) दफा ५ (१) बमोजिमका आयोजनाको कुल लागत ५० लाख वा सो भन्दा बढीका हुनेछन् । तर मेशिनरी औजार खरिदको हकमा कम्तिमा प्रति इकाइ लागत रु. २५ लाखसम्मका कार्यक्रममा पनि खर्च गर्न सकिनेछ ।

(३) दफा ५ (१) बमोजिमका आयोजनाहरु अन्तरगत दातृ निकायहरुको सहयोग र साझेदारीमा संचालित कार्यक्रमको समपुरक कोषको लागि समेत रकम उपलब्ध गराउन सक्नेछ ।

(४) दफा ५ (१) बमोजिमका आयोजनामा नगरपालिकाले बेहोर्ने लागत सहभागितको अंश नगरपालिकाको आन्तरिक आय र निशर्त अनुदान रकमबाट बेहोरिनेछ ।

(५) यस कार्यविधि बमोजिम आयोजनाहरु संचालन गर्दा एकै प्रकृतिका आयोजनाहरु छनौट नगरी फरक फरक प्रकृतिका आयोजनाहरु छनौटका लागि प्राथमिकता दिनुपर्नेछ ।

(६) यस कार्यक्रमबाट वढीमा दुई आर्थिक वर्षभित्र सम्पन्न गर्ने खालका बहुवर्षिय आयोजनाहरु सञ्चालन गर्न सकिनेछ । बहुबर्षिय आयोजना संचालन गर्दा एकै पटक बढिमा दुई वटा आयोजना संचालन गर्न सकिने र पहिले स्वीकृत भएका बहुबर्षिय आयोजना सम्पन्न नगरेसम्म थप बहुबर्षिय आयोजना संचालन गर्न पाइनेछैन । यसरी वहुवर्षिय कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारबाट उपलब्ध हुने रकम सोही आर्थिक वर्ष भित्र खर्च गरी सक्नुपर्ने छ ।

## ६. वस्ती विकास

नगरपालिकाले यस कार्यक्रमबाट देहायको परिधि भित्र रही एकीकृत जग्गा विकास (Land Pooling) एकिकृत वस्ती विकास (Integrated Settlement Development) र एकिकृत आवास (House Pooling) कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछन् ।

(क) कार्यक्रमहरु सञ्चालन गर्दा वस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ का पावधानको पालना गर्नुपर्नेछ ।

(ख) एकिकृत वस्ती, जग्गा तथा आवास विकास कार्यक्रम सञ्चालन गर्दा स्थानीय जनताको सहभागीतामा सञ्चालन गर्नुपर्नेछ ।

(ग) कार्यक्रम सञ्चालन गर्दा शहरी विकास मन्त्रालयबाट यस सम्बन्धमा जारी भएको नेपालमा एकिकृत वस्ती विकासका लागि जारी भएको कार्यनिति, २०५९ र घनावस्ती सम्बन्धी राष्ट्रिय अवधारणा, २०६१ अनुसार सञ्चालन गर्नुपर्नेछ ।

(घ) नगरको कुनै निश्चित क्षेत्रका वासिन्दाहरुको सामूहिक सहभागितामा नगरपालिकाले तोकिदिएको मापदण्ड र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२, को परिधि भित्र रही निजि स्वामित्वमा रहेको जग्गालाई एकिकृत गरी एकिकृत वस्ती विकास गर्न स्थानीय जनताबाट माग भई आएमा उक्त स्थानमा नगरपालिकाले सडक लगायतका आवश्यक पूर्वाधारमा यस कार्यक्रमबाट लगानी गर्न सक्नेछ । तर यसरी कार्यक्रम सञ्चालन गर्दा कम्तिमा ५० घरधुरीको सहभागिता भएको हुनुपर्नेछ ।

७. **केन्द्रीय निर्देशक समिति**

(१) यस कार्यक्रमको समन्वय, सहजीकरण, अनुगमन तथा मुल्यांकनका लागि देहाय बमोजिमको एक केन्द्रिय निर्देशक समिति रहनेछ :

क) संयोजक- सचिव, श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

ख) सदस्य- सह-सचिव, योजना महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

ग) सदस्य- सह-सचिव, नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

घ) सदस्य- सह-सचिव, पूर्वाधार विकास महाशाखा, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

ङ) सदस्य- सह-सचिव, अर्थ मन्त्रालय

च) सदस्य- सह-सचिव, राष्ट्रिय योजना आयोग

छ) सदस्य- सह-सचिव, शहरी विकास मन्त्रालय

ज) सदस्य- प्रतिनिधि, नेपाल नगरपालिका सङ्घ

झ) सदस्य सचिव-सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिका योजना तथा व्यवस्था शाखाको उप सचिव

(२) समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ र समितिले आवश्यकता अनुसार विषयक्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिलाई आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको अध्यक्ष तथा सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत प्रचलित नियमानुसार बैठक भत्ता पाउने छन् ।

(४) समितिको बैठक एक आर्थिक बर्षमा कम्तिमा ४ पटक बस्नेछ ।

(५) समितिको कार्यजिम्मेवारी देहाय बमोजिम हुनेछ :

(क) बजेट बाँडफाँडका आधार तय गर्ने ।

(ख) कार्यक्रम संचालन गर्दा अन्तर निकाय समन्वय गर्ने ।

(ग) कार्यक्रम संचालनको लागि आवश्यक मार्गदर्शन गर्ने ।

(घ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(ङ) कार्यक्रमको समीक्षा गरी सुधारका लागि सुझावहरु प्रदान गर्ने ।

(च) यस कार्यविधि बमोजिम अन्य कामहरु गर्ने ।

## ८. आयोजनाको संचालन

यो कायक्रमको संचालन देहाय बमोजिम हुनेछ :

(क) यो कार्यक्रम संचालनको लागि मन्त्रालयले नगरपालिकाहरूलाई सशर्त अनुदान उपलब्ध गराउनेछ । नयाँ गठन भएका नगरपालिकाको हकमा न्यूनतम रु. १ करोड १० लाख र पुराना ५८ नगरपालिकालाई प्रति नगरपालिका रु. १ करोड विनियोजन गरिनेछ ।

(ख) यस कार्यक्रमबाट न्यूनतम शर्त तथा कार्य सम्पादन सूचक वा नगरपालिकासँग भएको कार्य सम्पादन सम्झौतामा उत्कृष्ट अंक प्राप्त गर्ने ३ वटा नगरपालिकालाई प्रति नगरपालिका रु. १ करोडको दरले उत्कृष्ट तथा नमूना योग्य कार्यक्रम सञ्चालन गर्न रकम उपलब्ध गराईनेछ । यस्ता नमूना योग्य कार्यक्रमहरुको आयोजना लागत रु. १ करोड हुनुपर्नेछ ।

(ग) दफा ८ को खण्ड (क) र (ख) अनुसार विनियोजन गरी बाँकी रहेको रकम जनसंख्या र भूगोललाई बराबर भार प्रदान गरी आउने अंकमा तय गरिने सूत्रका आधारमा बाँडफाँड गरी यस कार्यविधिको दफा ५ को परिधि भित्र रहने गरी नगरपालिकाबाट प्रस्ताव आव्हान गरिनेछ ।

(घ) सूत्रमा आधारित अनुदान प्राप्तीको लागि नगरपालिकाले प्रथम चौमासिक भित्रमा **अनुसुची १** बमोजिमको परियोजना लगानी विवरण भरी मन्त्रालयमा पठाउनुपर्नेछ ।

तर चालु आर्थिक बर्ष २०७३/७४ को हकमा २०७३ साल मंसिर १५ गतेभित्र उपरोक्त विवरण मन्त्रालयमा पठाइसक्नुपर्नेछ ।

मन्त्रालयले यस कार्यविधि बमोजिम लागत सहभागिता र अन्य प्रावधान पूरा गरे नगरेको एकीन गरी यस्ता कार्यक्रमलाई सहमति प्रदान गर्नेछ । कुनै नगरपालिकाले प्रथम चौमासिक भित्रमा कार्यविधि बमोजिम आयोजना माग नगरेमा त्यस्तो रकम बढि लागत सहभागिता जुटाउने, न्यूनतम शर्त र कार्य सम्पादन मापनको नतिजामा उत्कृष्ठ अंक हासिल गर्ने वा नगरपालिकासँग भएको कार्य सम्पादन सम्झौतामा उत्कृष्ट अंक प्राप्त गर्ने र नविनतम एवं सिर्जनसिल आयोजना पेश गर्ने नगरपालिकाहरुलाई केन्द्रिय निर्देशक समितिको निर्णय अनुसार अनुदान उपलब्ध गराइनेछ ।

(ङ) मन्त्रालयले उपलब्ध गराएको अनुमानित बजेटको सिलिङ्गको परिधिभित्र रही नगरपालिकाहरूले तोकिएको लागत सहभागिता रकममा नघट्ने गरी आगामी आर्थिक बर्षमा संचालन गरिने आयोजना परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(च) नगरपालिकाले आयोजना छनौट गर्दा लागत सहभागिता अधिकतम जुट्ने खालका आयोजना र क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ ।

(छ) नगरपालिकाले नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट आयोजना संचालन हुने गरी परिषद्बाट स्वीकृत भएका कार्यक्रमहरुको विस्तृत लागत अनुमान, ड्रइङ्ग, डिजाइन तयार गरी यस कार्यविधिको अनुसुचि १ बमोजिम आयोजना लगानी ढाँचा (Project Funding Matrix, PFM) भरी मन्त्रालयमा पठाउनु पर्नेछ । आर्थिक बर्ष २०७३/७४ को हकमा उक्त PFM विवरण प्रथम चौमासिक अवधि भित्र मन्त्रालयमा पठाई सहमति लिइसक्नुपर्नेछ । आगामी आर्थिक बर्षको हकमा चालु आर्थिक बर्षको असार मसान्त भित्र मन्त्रालयमा पठाइसक्नुपर्नेछ ।

(ज) मन्त्रालयले नगरपालिकाबाट प्राप्त आयोजनाको अध्ययन विश्लेषण गरी कार्यविधि बमोजिमका आधार पूरा गरेका आयोजनाहरुलाई कार्यान्वयनको लागि सहमति दिनेछ । सहमतिको जानकारी प्राप्त भएपछि नगरपालिकाले कार्यान्वयन प्रक्रिया अगाडि बढाउने छन् ।

## ९. आयोजना कार्यान्वयन प्रक्रिया

आयोजनाको कार्यान्वयन प्रक्रिया देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाले ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली तथा अन्य प्रचलित कानून बमोजिम आयोजना सञ्चालन गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समिति मार्फत संचालन गरिने आयोजनाको हकमा समितिले व्यहोर्नुपर्ने नगद सहभागिता रकम नगरपालिकाको खातामा जम्मा गरी बैंक भौचरको प्रतिलिपि प्राप्त भएपछि उपभोक्ता समितिसँग सम्झौता गरी आयोजना कार्यान्वयन गरिनेछ । कम्तिमा १५ प्रतिशत उपभोक्ताको लागत सहभागिता प्राप्त नभएमा उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन गरिनेछैन ।

(ग) उपभोक्ता समितिबाट लागत सहभागिता जुट्न नसकेमा नगरपालिकाले आफ्नो कोषबाट लागत सहभागिता बापतको रकम जुटाइ टेण्डर प्रक्रिया मार्फत आयोजना कार्यान्वयन गर्न सक्नेछ ।

(घ) उपभोक्ता समितिको स्वीकृती भएमा उपभोक्ता समितिको लागत सहभागिता रहको कार्यक्रममा समेत ठेक्कापट्टाबाट कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

(ङ) ठेक्कापट्टाबाट बचत भएको रकम सोहि आयोजनामा खर्च गर्ने भएमा नगरपालिकाले आवश्यक लागत सहभागिता जुटाइ थप कार्य गराउन सक्नेछ । साथै थप कार्य गर्ने भएमा सोको जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

तर नयाँ आयोजनाको हकमा मन्त्रालयको सहमति लिनुपर्नेछ ।

(च) उस्तै वा फरक खालका टुक्रे आयोजनाहरु जोडि एउटै आयोजना बनाउन पाइने छैन ।

(छ) कार्यालय भवन निर्माण, भारी मेशिनरी सामग्री खरिद सम्बन्धी कार्य, उच्चस्तरको प्रविधि आवश्यक पर्ने कार्यहरु उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

(ज) यस कार्यक्रमबाट कार्यक्रमहरु कार्यान्वयन गर्दा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ को प्रावधानहरु पालन गनुपर्नेछ ।

(झ) यस कार्यक्रमबाट सडकमा लगानी गर्दा नगर यातायात गुरु योजना स्वीकृत भएका तथा नगर परिषद्बाट स्वीकृत भइ नगरपालिकाको प्राथमिकतामा परेका आयोजनामा मात्र लगानी गर्नुपर्नेछ ।

(ञ) तोकिएको समय भित्र आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाएको नपाइएमा वा रकमको दुरुपयोग भएको पाइएमा वा यस कार्यविधि विपरित कार्यान्वयन भएको पाइएमा मन्त्रालयले कार्यक्रम रद्द गरी सो रकमलाई अन्य नगरपालिकाहरुलाई बाँडफाँड गरी पठाउनेछ र सो कार्य गर्ने सम्बन्धित पदाधिकारीलाई नियमानुसार विभागिय कारबाही गर्नेछ ।

## १०. प्रशासनिक खर्च

यो कार्यक्रमको लागि प्रशासनिक खर्च देहाय बमोजिम हुनेछ:

(क) यस कार्यक्रमको व्यवस्थापनलाई लाग्ने प्रशासनिक खर्च यस कार्यक्रमबाट नगरपालिकाहरुलाई उपलब्ध गराउने रकम मध्येबाट बढिमा दुई प्रतिशतसम्म विनियोजन गर्न सक्नेछन् । यस्तो रकम उपभोक्ता समितिको अभिमुखीकरण, उपभोक्ता समितिको प्रशासनिक खर्च, सर्भे डिजाइनमा प्रयोग हुने औजार खरिद र यस कार्यक्रमबाट सञ्चालित तथा सम्पन्न आयोजनाको विस्तृत लागत सहितको अभिलेख तयार गर्ने कार्य आदिमा खर्च गर्न सकिनेछ ।

(ख) दफा १० को खण्ड (क) बमोजिम एकमुष्ट रूपमा प्रशासनिक खर्च छुट्याएपछि आयोजनागत रूपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टिन्जेन्सी रकम वा उपभोक्ता समितिको खर्च छुट्याउन पाइने छैन ।

(ग) यस कार्यक्रमको लागि केन्द्र स्तरबाट हुने कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, तथा अन्य प्रशासनिक कार्यको निमित्त मन्त्रालयले यस कार्यक्रमका लागि विनियोजित रकम मध्येबाट बढीमा ०.५० प्रतिशतसम्म रकम विनियोजन गर्न सक्नेछ ।

११. **आयोजना सञ्चालन गर्नुपर्ने अवधी**

यस कार्यक्रमबाट संचालित आयोजनाहरु तोकिएको समय भित्र सम्पन्न हुन नसकेमा सोबाट सिर्जित आर्थिक दायित्वको जिम्मेवारी सम्बन्धित नगरपालिका र उपभोक्ता स्वयंले लिनुपर्नेछ ।

१२. **लेखांकन, अनुगमन, मूल्यांकन**

(क) कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण, प्रतिवेदन तथा आर्थिक कारोबार गर्दा स्थानीय निकाय तथा आर्थिक प्रशासन नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

(ख) कार्यक्रमको अनुगमन, मूल्याङ्कन, प्रतिवेदन, समामाजिक परीक्षण लगायतका अन्य व्यवस्थापन यस कार्यविधिको मातहतमा रही प्रचलित कानून तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम गर्नुपर्नेछ ।

१३. **विविध**

(क) नगरपालिकाले यस कार्यक्रमको सञ्चालन सम्बन्धमा मन्त्रालयबाट समय समयमा जारी भएका निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

## अनुसुचि १

.................. महा/उपमहा/नगरपालिका

नगर पूर्वाधार विकास कार्यक्रमको आयोजना लगानी विवरण

| क.सं | आयोजनाको किसिम | आयोजनाको नाम र आयोजनाको स्थल | कुल लागत रकम | लक्ष्य | इकाइ | लागत सहभागिता | | | | | कार्य हुने मिति | | आयोजना संचालन प्रक्रिया | लाभान्वित वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदान रकम | नगरपालिका | उपभोक्ता समिति | अन्य | जम्मा | शुरु | सम्पन्न | | महिला | पुरुष |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | |

तयार गर्ने

सिफारिस गर्ने

स्वीकृत गर्ने

## नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रमको स्वीकृत बाँडफाँड रकम

| जिल्ला | क्र.स. | नगरपालिकाको नाम | न्यूनतम अनुदान (रु.हजारमा) | जनसङ्ख्या वापतको रकम (रु.हजार) | क्षेत्रफल वापतको रकम (रु.हजारमा) | जम्मा (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| इलाम | १ | इलाम | १०००० | ९४१ | ७०१ | ११६४२ |
| | २ | देउमाई | ११००० | ५३१ | १३३४ | १२८६५ |
| | ३ | सुर्योदय | ११००० | १३१० | २२५८ | १४५६८ |
| झापा | ४ | भद्रपुर | १०००० | २४३५ | १९२१ | १४३५६ |
| | ५ | दमक | १०००० | ३६७० | १८५९ | १५५२९ |
| | ६ | मेचीनगर | १०००० | २८०६ | १४६७ | १४२७३ |
| | ७ | कन्काई | ११००० | १९४५ | २०८२ | १५०२७ |
| | ८ | विर्तामोड | ११००० | २९१६ | ९४५ | १४८६१ |
| | ९ | शनि-अर्जुन | ११००० | २१८९ | १५४२ | १४७३१ |
| | १० | शिव सताक्षी | ११००० | १११४ | २३७४ | १४४८८ |
| | ११ | गौरादह | ११००० | २२९७ | ३२४५ | १६५४२ |
| पाचथर | १२ | फिदिम | ११००० | १२०० | १७३९ | १३९३९ |
| ताप्लेजुङ | १३ | ताप्लेजुङ | ११००० | ९२५ | ११०२ | १३०२७ |
| धनकुटा | १४ | धनकुटा | १०००० | १७७४ | २९१६ | १४६९० |
| | १५ | पाखीवास | ११००० | ८७० | ३१०० | १४९७० |
| संखुवासभा | १६ | खादवारी | १०००० | १२९२ | २३९६ | १३६८८ |
| | १७ | चैनपुर | ११००० | ११९९ | ४५२२ | १६७२१ |
| | १८ | मादी | ११००० | ७०१ | २८९८ | १४५९९ |
| सुनसरी | १९ | इटहरी (उपमहा) | १०००० | ६८०९ | २४६६ | १९२७५ |
| | २० | इनरुवा | १०००० | १४०२ | ५८८ | ११९९० |
| | २१ | धरान (उपमहा) | १०००० | ६६७३ | ५०६६ | २१७३९ |
| | २२ | दुहवी भलुवा | ११००० | १२३८ | ५५५ | १२७९३ |
| | २३ | रामधुनी-भासी | ११००० | १३८३ | १२६६ | १३६४९ |
| मोरङ्ग | २४ | विराटनगर (उपमहा) | १०००० | ९९३१ | १५३९ | २१४७० |
| | २५ | उर्लावारी | ११००० | १७०४ | ७५२ | १३४५६ |
| | २६ | वेलवारी | ११००० | १५३४ | १८४५ | १४३७९ |
| | २७ | पथरी शनिश्चरे | ११००० | २४१४ | १४१३ | १४८२७ |
| | २८ | सुन्दर दुलारी | ११००० | १५८९ | १२०३ | १३७९२ |
| | २९ | कोशी हरैचा | ११००० | २३१३ | १६९० | १५००३ |
| | ३० | रंगेली | ११००० | १३८२ | ११६६ | १३५४८ |
| | ३१ | लेटाङभोगटेनी | ११००० | ११५८ | ३५४८ | १५७०६ |
| भोजपुर | ३२ | भोजपुर | ११००० | ७८० | १८५३ | १३६३३ |
| | ३३ | षडानन्द | ११००० | ६४३ | २६७१ | १४३१४ |
| तेह्रथुम | ३४ | म्याग्लुङ | ११००० | ९५३ | २६३५ | १४५८८ |
| | ३५ | लालीगुरास | ११००० | ८२१ | २३७४ | १४१९५ |

| जिल्ला | क्र.स. | नगरपालिकाको नाम | न्यूनतम अनुदान (रु.हजारमा) | जनसङ्ख्या वापतको रकम (रु.हजार) | क्षेत्रफल वापतको रकम (रु.हजारमा) | जम्मा (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| उदयपुर | ३६ | त्रियुगा | १0000 | ३४६0 | ८४१९ | २१८७९ |
| | ३७ | कटारी | ११000 | १३६३ | ४४३४ | १६७९७ |
| | ३८ | वेलटार बसाहा | ११000 | ११५९ | १८१३ | १३९७२ |
| सप्तरी | ३९ | राजविराज | १0000 | १८५३ | ३१५ | १२१६८ |
| | ४0 | शम्भुनाथ | ११000 | १४६४ | २५१३ | १४९७७ |
| | ४१ | कन्चनरुप | ११000 | २३५९ | २४२६ | १५७८५ |
| | ४२ | सप्तकोशी | ११000 | १0२४ | १५८४ | १३६0८ |
| | ४३ | हनुमाननगर | ११000 | १0१३ | १७९२ | १३८0५ |
| सिरहा | ४४ | सिराहा | १0000 | २८६१ | १७६६ | १४६२७ |
| | ४५ | लहान | १0000 | ३८६२ | ३८८२ | १७७४४ |
| | ४६ | मिर्चैया | ११000 | २२७८ | २२१0 | १५४८८ |
| | ४७ | गोलवजार | ११000 | २३१४ | २७५0 | १६0६४ |
| | ४८ | सुखीपुर | ११000 | १७८७ | १४४0 | १४२२७ |
| | ४९ | धनगढीमाइ | ११000 | २२९९ | ४१९८ | १७४९७ |
| ओखलढुङ्गा | ५0 | सिद्धिचरण | ११000 | ८0९ | १९३७ | १३७४६ |
| खोटाङ | ५१ | दिक्तेल | ११000 | ८६२ | १८४६ | १३७0८ |
| शोलुखुम्वु | ५२ | दुधकुण्ड | ११000 | ५४५ | ६६९३ | १८२३८ |
| धनुषा | ५३ | जनकपुर (उपमहा) | १0000 | ८१७१ | २६२९ | २0८00 |
| | ५४ | धनुषाधाम | ११000 | २१८१ | २३७१ | १५५५२ |
| | ५५ | छिरेश्वरनाथ | ११000 | १७८१ | १४९५ | १४२७६ |
| | ५६ | गणेशमान-चारनाथ | ११000 | १६८५ | ६३४३ | १९0२८ |
| | ५७ | मिथिला | ११000 | १५३0 | २६५0 | १५१८0 |
| | ५८ | सवैला | ११000 | १२0६ | ५५५ | १२७६१ |
| महोत्तरी | ५९ | जलेश्वर | १0000 | २0३२ | ७७९ | १२८११ |
| | ६0 | गौशाला | ११000 | १५५६ | १२१४ | १३७७0 |
| | ६१ | वर्दिवास | ११000 | १७९५ | ४६१४ | १७४0९ |
| सर्लाही | ६२ | मलंगवा | १0000 | १४६८ | ३६१ | ११८२९ |
| | ६३ | हरिवन | ११000 | २0७३ | २२६६ | १५३३९ |
| | ६४ | लालवन्दी | ११000 | १४९२ | १७४५ | १४२३७ |
| | ६५ | ईश्वरपुर | ११000 | १९६३ | २१७४ | १५१३७ |
| | ६६ | वरहथवा | ११000 | २४४३ | १८७९ | १५३२२ |
| सिन्धुली | ६७ | कमलामाई | १0000 | १९९२ | ५४७३ | १७४६५ |
| | ६८ | दुधौली | ११000 | १२0९ | २३४५ | १४५५४ |
| दोलखा | ६९ | भिमेश्वर | १0000 | ११३१ | १७१२ | १२८४३ |
| | ७0 | जिरी | ११000 | ६६१ | २६२१ | १४२८२ |
| रामेछाप | ७१ | मन्थली | ११000 | १३८९ | ३६१६ | १६00५ |
| | ७२ | रामेछाप | ११000 | ५९४ | २४४८ | १४0४२ |

| जिल्ला | क्र.स. | नगरपालिकाको नाम | न्यूनतम अनुदान (रु.हजारमा) | जनसङ्ख्या वापतको रकम (रु.हजार) | क्षेत्रफल वापतको रकम (रु.हजारमा) | जम्मा (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| नुवाकोट | ७३ | विदुर | १०००० | १३५५ | ८८१ | १२२३६ |
| धादिङ | ७४ | निलकण्ठ | १०००० | १९१३ | २८२२ | १४७३५ |
| सिन्धुपाल्चोक | ७५ | चौतारा | ११००० | ७५६ | १०७१ | १२८२७ |
| | ७६ | मेलम्ची | ११००० | १४०३ | २३७९ | १४७८२ |
| काभ्रेपलान्चोक | ७७ | धुलीखेल | १०००० | ९३१ | ५६३ | ११४९४ |
| | ७८ | पनौती | १०००० | १३७२ | ८३५ | १२२०७ |
| | ७९ | बनेपा | १०००० | १२०६ | १४६ | ११३५२ |
| | ८० | पांचखाल | ११००० | १५८६ | २२६६ | १४८५२ |
| | ८१ | दाप्चा काशीखण्ड | ११००० | १०३३ | १८७९ | १३९१२ |
| काठमाण्डौ | ८२ | काठमाण्डौं (महा) | १०००० | ४८६१७ | १३०१ | ५९९१८ |
| | ८३ | कीर्तिपुर | १०००० | ३२५५ | ३८८ | १३६४३ |
| | ८४ | गोकर्णेश्वर | ११००० | ५२०२ | १५४० | १७७४२ |
| | ८५ | दक्षिणकाली | ११००० | ११७७ | ११२१ | १३२९८ |
| | ८६ | तारकेश्वर | ११००० | ३९४७ | ९१९ | १५८६६ |
| | ८७ | शंकरापुर | ११००० | १२२८ | १५८४ | १३८१२ |
| | ८८ | चन्द्रागिरी | ११००० | ४१२८ | ११५५ | १६२८३ |
| | ८९ | कागेश्वरी-मनोहरा | ११००० | २९१९ | ७२४ | १४६४३ |
| | ९० | टोखा | ११००० | ४७९९ | ४४५ | १६२४४ |
| | ९१ | नार्गाजुन | ११००० | ३२६७ | ७८४ | १५०५१ |
| | ९२ | बुढानीलकण्ठ | ११००० | ५२२९ | ९२१ | १७१५० |
| ललितपुर | ९३ | ललितपुर (उपमहा) | १०००० | १२३२३ | ६५५ | २२९७८ |
| | ९४ | कार्यविनायक | ११००० | १८४३ | ५६६ | १३४०९ |
| | ९५ | गोदावरी | ११००० | १३९५ | ९२४ | १३३१९ |
| | ९६ | महालक्ष्मी | ११००० | ३०१३ | ५८४ | १४५९७ |
| | ९७ | बज्रबाराही | ११००० | १९०० | १०११ | १३९११ |
| भक्तपुर | ९८ | मध्यपुरथिमी | १०००० | ४०७७ | २९२ | १४३६९ |
| | ९९ | भक्तपुर | १०००० | ४०५४ | १७३ | १४२२७ |
| | १०० | अनन्तलिडेश्वर | ११००० | १८४१ | ४७६ | १३३१७ |
| | १०१ | सूर्यविनायक | ११००० | १९६३ | ६४५ | १३६०८ |
| | १०२ | चांगुनारायण | ११००० | १५७६ | ७३४ | १३३१० |
| | १०३ | नगरकोट | ११००० | १११० | ९१३ | १३०२३ |
| मकवानपुर | १०४ | हेटौंडा (उपमहा) | १०००० | ७४०८ | ६८८० | २४२८८ |
| | १०५ | थाहा | ११००० | १०५२ | २२३२ | १४२८४ |
| चितवन | १०६ | भरतपुर (उपमहा) | १०००० | ९६८५ | ६३७७ | २६०६२ |
| | १०७ | रत्ननगर | १०००० | ३३८५ | १८०५ | १५१९० |
| | १०८ | खैरहनी | ११००० | २७१८ | २२५० | १५९६८ |
| | १०९ | चित्रवन | ११००० | १६९२ | १४४५ | १४१३७ |

| जिल्ला | क्र.स. | नगरपालिकाको नाम | न्यूनतम अनुदान (रु.हजारमा) | जनसङ्ख्या वापतको रकम (रु.हजार) | क्षेत्रफल वापतको रकम (रु.हजारमा) | जम्मा (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| | ११० | माडी | ११००० | १८२६ | ५७३८ | १८५६४ |
| | १११ | नारायणी | ११००० | १९३४ | १९११ | १४८४५ |
| | ११२ | कालिका | ११००० | १८७४ | २६८७ | १५५६१ |
| | ११३ | राप्ती | ११००० | २२५४ | २६१६ | १५८७० |
| बारा | ११४ | कलैया | १०००० | ४१८३ | १७०५ | १५८८८ |
| | ११५ | गढीमाई | ११००० | ४०४० | ४०५१ | १९०९१ |
| | ११६ | निजगढ | ११००० | १७१२ | ७६१७ | २०३२९ |
| | ११७ | महागढीमाई | ११००० | १८७८ | १०६१ | १३९३९ |
| | ११८ | सिमरौनगढ | ११००० | ११९३ | ५३२ | १२७२५ |
| | ११९ | कोल्हवी | ११००० | ११५२ | २६९५ | १४८४७ |
| पर्सा | १२० | विरगञ्ज (उपमहा) | १०००० | ९९२५ | १९७९ | २१९०४ |
| | १२१ | पोखरिया | ११००० | १३४१ | ६८४ | १३०२५ |
| रौतहट | १२२ | गौर | १०००० | १७१४ | ५६७ | १२२८१ |
| | १२३ | गरुडा | ११००० | १९२१ | ७९७ | १३७१८ |
| | १२४ | चन्द्रपुर | ११००० | ३४९२ | ६५७७ | २१०६९ |
| तनहुं | १२५ | व्यास | १०००० | २२७२ | २२६३ | १४५३५ |
| | १२६ | बन्दीपुर | ११००० | ७५६ | १९२२ | १३६७८ |
| | १२७ | शुक्ला गण्डकी | ११००० | १८५६ | २४५१ | १५३०७ |
| | १२८ | भानु | ११००० | ८८४ | १९३४ | १३८१८ |
| | १२९ | आँबुखैरेनी | ११००० | ७९४ | १७७१ | १३५६५ |
| कास्की | १३० | पोखरा (उपमहा) | १०००० | १५२०८ | ५९४० | ३११४८ |
| | १३१ | लेखनाथ | १०००० | ३३२५ | ३२०० | १६५२५ |
| लम्जुङ | १३२ | वेशिशहर | ११००० | १४३५ | १८९५ | १४३३० |
| | १३३ | सुन्दर बजार | ११००० | ९९२ | ११४० | १३१३२ |
| | १३४ | राइनास | ११००० | ८९८ | १९२१ | १३८१९ |
| | १३५ | करापुटार | ११००० | ५२५ | १५५० | १३०७५ |
| | १३६ | मध्यनेपाल | ११००० | ५२६ | १२३२ | १२७५८ |
| गोरखा | १३७ | गोरखा | १०००० | १९०३ | २२५८ | १४१६१ |
| | १३८ | पालुङटार | ११००० | ११३७ | २२३५ | १४३७२ |
| स्याङजा | १३९ | वालिङ | १०००० | ११७३ | ९१५ | १२०८८ |
| | १४० | पुतलीबजार | १०००० | १५१९ | १८४६ | १३३६५ |
| | १४१ | चापाकोट | ११००० | ६१७ | १२९५ | १२९१२ |
| | १४२ | भीर्कोट | ११००० | ८७९ | १४८२ | १३३६१ |
| गुल्मी | १४३ | रेसुङ्गा | ११००० | १३९२ | १७५८ | १४१५० |
| पाल्पा | १४४ | तानसेन | १०००० | १५१० | ५७२ | १२०८२ |
| | १४५ | रामपुर | ११००० | १७१५ | ३२४५ | १५९६० |
| अर्घाखाची | १४६ | सन्धीखर्क | ११००० | १९५९ | ३३४४ | १६३०३ |

| जिल्ला | क्र.स. | नगरपालिकाको नाम | न्यूनतम अनुदान (रु.हजारमा) | जनसङ्ख्या वापतको रकम (रु.हजार) | क्षेत्रफल वापतको रकम (रु.हजारमा) | जम्मा (रु.हजारमा) |
|---|---|---|---|---|---|---|
| रुपन्देही | १४७ | सिद्धार्थनगर | १०००० | ३१२९ | ९४८ | १४०७७ |
| | १४८ | वुटवल (उपमहा) | १०००० | ६७२३ | २६७१ | १९३९४ |
| | १४९ | सैनामैना | ११००० | २१८९ | ३०५८ | १६२४७ |
| | १५० | देवदह | ११००० | २०८१ | ३०६९ | १६१५० |
| | १५१ | तिलोत्तमा | ११००० | ४८५३ | ३३२१ | १९१७४ |
| | १५२ | लुम्बिनी संस्कृतिक | ११००० | ३५१३ | २९५० | १७४६३ |
| कपिलवस्तु | १५३ | कपिलवस्तु | १०००० | २१०६ | १६६६ | १३७७२ |
| | १५४ | कृष्णनगर | ११००० | ९८८ | ५९६ | १२५८४ |
| | १५५ | शिवराज | ११००० | २४२२ | ५०६९ | १८४९१ |
| | १५६ | वाणगंगा | ११००० | ३६४६ | ६१४८ | २०७९४ |
| | १५७ | बुद्धवाटिका | ११००० | ९७७ | ४४५६ | १६४३३ |
| | १५८ | भृकुटी | ११००० | १२७४ | ३९४३ | १६२१७ |
| नवलपरासी | १५९ | रामग्राम | १०००० | १४०४ | ९१४ | १२३१८ |
| | १६० | सुनवल | ११००० | १९३१ | २९५७ | १५८८८ |
| | १६१ | गैडाकोट | ११००० | २६७५ | २६८० | १६३५५ |
| | १६२ | कावासोती | ११००० | २७५२ | २४७७ | १६२२९ |
| | १६३ | देवचुली | ११००० | १५२६ | १९३४ | १४४६० |
| | १६४ | वर्दघाट | ११००० | १६६८ | १६३४ | १४३०२ |
| | १६५ | मध्यविन्दु | ११००० | १३६८ | १८३७ | १४२०५ |
| पर्वत | १६६ | कुश्मा | ११००० | १५७१ | १७४९ | १४३२० |
| वाग्लुङ्ग | १६७ | वागलुङ | १०००० | १४९१ | ४८३ | ११९७४ |
| म्याग्दी | १६८ | बेनी | ११००० | १३८२ | १३६९ | १३७५१ |
| रोल्पा | १६९ | लिवाङ | ११००० | ६५३ | १९९८ | १३६५१ |
| रुकुम | १७० | मुसीकोट | ११००० | ८९३ | १६६५ | १३५५८ |
| | १७१ | चौरजहारी | ११००० | ७०२ | १३२० | १३०२२ |
| सल्यान | १७२ | शारदा | ११००० | १६३४ | ५२२० | १७८५४ |
| | १७३ | बागचौर | ११००० | १४५६ | ३६२९ | १६०८५ |
| दाङ्ग | १७४ | घोराही | १०००० | ३१५५ | १९५९ | १५११४ |
| | १७५ | तुलसीपुर | १०००० | ४१४८ | ४७५९ | १८९०७ |
| | १७६ | त्रिपुर | ११००० | १९९६ | ३०७९ | १६०७५ |
| | १७७ | लमही | ११००० | १६६१ | २७४८ | १५४०९ |
| प्यूठान | १७८ | प्यूठान | ११००० | १८६७ | ३१७१ | १६०३८ |
| जुम्ला | १७९ | चन्दननाथ | ११००० | ९२३ | २६८५ | १४६०८ |
| जाजरकोट | १८० | भेरीमालिका | ११००० | १६२४ | ५७८२ | १८४०६ |
| बाँके | १८१ | नेपालगञ्ज (उपमहा) | १०००० | ७०९५ | २४९० | १९५८५ |
| | १८२ | कोहलपुर | ११००० | ३०१३ | ४२२० | १८२३३ |
| बर्दिया | १८३ | गुलरिया | १०००० | २७७३ | २५०४ | १५२७७ |